का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० असार २०७९,
सोमबार
4 July 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २०, अंक १४९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

वाम गठबन्धनको प्रयास



# चाहना छ, भन्न सक्दैनन्

**वाम गठबन्धनको विषयमा छलफल भएको नेकपा एमाले र माओवादी केन्द्रका नेताहरुले स्वीकार गरेका छन् । तर, एकले अर्कोलाई प्रस्ताव गरेको भनी आफू नै माथि रहेको देखाउने प्रयास गरिरहेका छन् ।**

*तत्कालीन नेकपाकालीन सचिवालयका पाँच सदस्य (पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम र नारायणकाजी श्रेष्ठ) बीच आइतबार साँझ ललितपुरमा भेटबार्ता भएको छ । नेकपा विभाजनपछि पाँच जना पहिलोपटक सँगै बसेका हुन् । तस्वीर: प्रचण्डको सचिवालय*



केपी शर्मा ओली प्रवृत्तिको दक्षिणपन्थी धारलाई कमजोर पार्न, प्रतिगामी प्रवृत्तिलाई पराजित गर्न मोर्चा तथा गठबन्धनको निर्माण आवश्यक छ ।

**■ प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र



कांग्रेसले माओवादीलाई अपमानित गऱ्यो भन्ने छ । पार्टीभित्र फरक मत र गुटहरु देखा परेको छ, यो चिज हेरौं न कसरी जाँदो रहेछ ।

**■ पृथ्वी सुब्बा गुरुङ**
उपमहासचिव, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ असार ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका दोस्रो तहका नेताहरुले वाम गठबन्धनको परोक्ष प्रयास गरिरहेका छन् । वाम गठबन्धनको विषयमा छलफल भएको दुवै तर्फका नेताहरुले स्वीकार गरेका छन् । तर, एकले अर्कोलाई प्रस्ताव गरेको भनी आफू नै माथि रहेको देखाउने प्रयास गरिरहेका छन् । नेताहरुको अभिव्यक्तिले एमाले फकाउँदै गरेको र माओवादी केन्द्रले घुर्क्याउँदै गरेको देखाउँदछ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले काठमाडौंमा जारी केन्द्रीय कमिटी बैठकमा प्रतिवेदन प्रस्तुत गर्दै कम्युनिस्टहरुबीच एकतामा जोड दिएका छन् । समाजवादी मोर्चा बनाएर जानुपर्ने विषयलाई पनि उनले तत्कालिक आवश्यकता भनेका छन् । तर, प्रचण्डको दस्तावेजले एमालेसँग गठबन्धनको संभावनालाई कम महत्व दिएको छ । प्रतिवेदनले एमाले अध्यक्ष केपी ओलीलाई भने नकारेको छ । 'केपी शर्मा ओली प्रवृत्तिको दक्षिणपन्थी धारलाई कमजोर पार्ने, संविधान र आन्दोलनको उपलब्धीलाई खोस्न उद्दत प्रतिगामी प्रवृत्तिलाई पराजित गर्न', प्रतिवेदनको मोर्चा तथा गठबन्धनको निर्माण शीर्षकमा भनिएको छ ।

एमाले र माओवादी केन्द्रबीच पाँच बर्ष अघिको चुनावमा तालमे ल

– बाँकी पृष्ठ २ मा

प्रचण्डको प्रतिवेदन

# कांग्रेस स्वार्थी भयो समाजवादी मोर्चा बनाऔं




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ असार ।

स्थानीय तहको निर्वाचनमा गठबन्धन बनाएर चुनाव लडेका पाँच दल मध्ये एक घटक नेकपा माओवादी केन्द्रले गठबन्धनभित्र कांग्रेस स्वार्थी भएको र नेकपा एकीकृत समाजवादीले धेरै माग गर्दा समस्या भएको निचोड निकालेको छ । स्थानीय तहको चुनावी परिणामपछि पाँच दलीय सत्तागठबन्धनभित्रै कांग्रेसबाहेक मोर्चाबन्दीको विषयमा समेत छलफल चलाउँदै आएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले औपचारिक रुपमै समाजवादी मोर्चाको प्रस्ताव अगाडि सारेका छन् ।

> कांग्रेसबाहेकको मोर्चाबन्दीको विषयमा छलफल चलाउँदै आएका प्रचण्डले औपचारिक रुपमै समाजवादी मोर्चाको प्रस्ताव अगाडि सारेका छन् । पार्टीको जारी केन्द्रीय कमिटीबैठकबाट निर्णय गराउने गरी यो प्रस्ताव प्रस्तुत हुनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

छलफल चले अनुसार नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा (राजमो) का बीचमा मोर्चाबन्दीको प्रयास भइरहेको छ । यही बेला माओवादी केन्द्रको जारी केन्द्रीय कमिटीबैठकबाट निर्णय गराउने गरी यो प्रस्ताव प्रस्तुत हुनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

'समाजवादी मोर्चामार्फत नेपाली विशेषता सहितको समाजवाद, त्यसको कार्यनीतिक श्रृङला, क्रान्तिकारी शक्ति निर्माण जस्ता विषयमा खुला छलफल र बहस गरिनुपर्छ' अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनले समाजवादी कार्यदिशा अबलम्बन गर्ने पार्टी, शक्ति र व्यक्तित्वहरुको तत्कालको मोर्चा निर्माणको आवश्यकतालाई जोड दिएको छ ।

मुख्यत प्रचण्डको प्रतिवेदनमा मोर्चा बनाएर जाने बाहेक आगामी यात्राको विवेचना खासै गरिएको छैन् । बरु स्थानीय तहको चुनावी परिणामलाई र एमालेसँगको एकता र भंग भएको विषयमाथि ब्याख्यात्मक विश्लेषण गरिएको छ। स्थानीय तहको चुनावको समिक्षा गर्दै गर्दा प्रतिवेदनले कांग्रेस गठबन्धनप्रति इमान्दार र गम्भीर नभएको टिप्पणी गरेको छ। तर, फेरि पनि कांग्रेससंगै गठबन्धन गर्ने विषयलाई पनि जोड दिइएको छ ।

### एक्लै लड्ने माग

जारी केन्द्रीय कमिटीको बैठकमा माओवादी केन्द्रका

– बाँकी पृष्ठ २ मा

# चुनावी तयारीमा जुट्यो एमाले

**सरकार र निर्वाचन आयोगले प्रदेश र संघीय चुनावको मिति घोषणा गर्ने तयारी अगाडि बढाउँदै गर्दा प्रमुख विपक्षी नेकपा एमाले देश दौडाहमा निस्कँदैछ । यसैका लागि सातै प्रदेशमा वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षलाई खटाइएको छ ।**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १९ असार ।

नेकपा एमालेले प्रदेश र जिल्ला स्तरमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ। सरकार र निर्वाचन आयोगले प्रदेश र संघीय चुनावको मिति घोषणा गर्ने तयारी अगाडि बढाउँदै गर्दा प्रमुख विपक्षी एमाले देश दौडाहमा निस्कन लागेको हो। यसैका लागि सातै प्रदेशमा वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षलाई खटाइएको छ।

आइतबार एमालेको सचिवालय बैठक बसेको थियो। एमाले उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङका अनुसार बैठकले प्रदेश र जिल्लास्तरमा कार्यकर्ता प्रशिक्षण, निर्वाचन तयारी लगायतको काम गर्ने निर्णय गर्दै उपाध्यक्षहरुलाई प्रदेशमा खटाएको हो।

सचिवालय बैठकको निर्णय अनुसार, प्रदेश १ मा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, मधेशमा उपाध्यक्ष सुरेन्द्र पण्डे, वागमतीमा विष्णु पौडेल, गण्डकीमा अष्टलक्ष्मी शाक्यलाई खटाइएको छ। लुम्बिनीमा सुवासचन्द्र नेम्वाङ, कर्णालीमा रामबहादुर थापा र सुदूरपश्चिममा युवराज ज्ञवालीलाई खटाइएको छ। नेताहरुका अनुसार सरकारले चुनावको मिति घोषणा गर्ने तयारी गरेपछि कार्यकर्ताकहाँ आफ्ना एजेण्डा कसरी लिएर जाने भनेर एमालेले कार्यकर्तालाई प्रशिक्षण दिन लागेको हो। प्रशिक्षणका क्रममा प्रदेश र संघीय निर्वाचनको तयारीलाई नै केन्द्रमा राखिनेछ। यसलाई केन्द्रमा राखेर एमालेबाट जननिर्वाचित जनप्रतिनिधि परिचालन गर्ने तौरतरिका, उनीहरुमार्फत पार्टीको छवि माथि उठाउने तरिका, कार्यकर्ताले गर्ने व्यवहार, सरकारमाथि प्रश्न उठाउने महंगी लगायतका विषयकेन्द्रीत प्रशिक्षण दिन लागेको हो। देद दौडाहमा निस्कने निर्णय गर्दै गर्दा एमालेले कार्यकर्तामा उत्साह थप्नका लागि पाँच दलीय गठबन्धन भत्किने संदेश पनि प्रवाह गरेको छ।

निर्वाचन आयोगले भन्यो

# ३० कात्तिकमै चुनाव

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ असार ।

निर्वाचन आयोगले प्रदेश र स्थानीय तहको चुनाव आगामी ३० कात्तिकमै गर्नुपर्ने बताएको छ। कानुनी बाध्यतालाई देखाउँदै आयोगले यस्तो निष्कर्ष निकालेको हो।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार कात्तिक अन्तिम सातासम्म निर्वाचन सक्ने मिति तोक्न सरकारलाई औपचारिक प्रस्ताव गर्नृ तयारी भएको छ। सरकारमा रहेका दलहरुका शीर्ष नेताहरुसँगको संवादकै आधारमा आयोगले ३० कार्तिक चुनावका लागि उपयुक्त मिति हुने भनी सिफारिस गर्नृ लागिएको आयोगका अधिकारीहरु बताउँदछन्। कात्तिक भन्दा ढिलो गर्दा हिमाली भेगमा चिसो बढ्ने हुनाले निर्वाचन गराउन कठिनाइ हुने पनि अधिकारीहरुले बताएका छन्।

### एकै चरणमा चुनाव

आयोगले एकै चरणमा निर्वाचन गर्नु उपयुक्त हुने सुझाएको छ। सुरक्षा निकायको समेत राय सल्लाह लिइसकेको उल्लेख गर्दै आयोगका अधिकारीहरु एकै चरणमा चुनाव गर्नुपर्ने निष्कर्षमा पुगेका हुन्। अर्को तर्फ दुई चरणमा निर्वाचन गर्दा बढी खर्च हुने तर्क गर्दै आयोगले एकै चरणमा उपयुक्त हुने निष्कर्ष निकालेको छ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार निर्वाचनको तयारीका लागि १२० दिन अगाडि नै मिति घोषणा गर्नुपर्ने हुन्छ। यसैअनुसार आयोगले मिति प्रस्ताव गर्ने बताए।

# संख्या सय सिण्डिकेट नै हो, यो हटाउनै पर्छ : मन्त्री कुँवर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेर बहादुर कुँवरले लगानीकर्तालाई विस्थापित गर्ने गरी वैदेशिक रोजगार ऐनमा कुनै पनि प्रावधान हुन नहुने बताएका छन्। आइतबार बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन गएको नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध व्यवसायीहरूलाई सम्बोधन गर्दै नवनियुक्त मन्त्री कुँवरले उक्त कुरा बताएका हुन्।

मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले व्यवसायीको इजाजत नवीकरण गर्न वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने वैदेशिक रोजगार ऐनको व्यवस्थाले व्यवसायीलाई अनावश्यक समस्यामा पारेको र इमानदारीपूर्वक थोरै कामदार पठाई व्यवसाय गर्न चाहनेलाई अप्ठ्यारो पारेको भन्दै तत्कालीन र दीर्घकालीन समाधान दिन माग गरेका थिए।

जवाफमा मन्त्री कुँवरले ऐनमा नै वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्थाले सिण्डिकेटको गन्ध दिएको भन्दै आफू त्यसको परिवर्तनको पक्षमा रहेको बताए।'सय सिण्डिक्ट नै हो', मन्त्री कुँवरले भरने, 'यो हटाउनै पर्छ।'

उनले बाधा अड्काउ फुकाएर तत्काल सबैको इजाजत नवीकरण हुने र

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### संख्या सयको फाइलमा कर्मचारीको राजनीति ?

काठमाडौं/मस- वैदेशिक रोजगार व्यवसायीका लागि असार महिना 'मानसिक आतंक'को महिनाको रूपमा देखिएको छ। वैदेशिक रोजगार ऐनमा वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्न अन्य प्रक्रियाका अतिरिक्त वार्षिकरूपमा कम्तीमा एक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भएपछि वार्षिक सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीका लागि विगत तीन वर्षयता असार महिना 'मानसिक आतंक'को

– बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

PRO:3 Male/3 Female (Salary :20,000 to 35,0000)

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ । म्यानपावरमा कम्तीमा ३ देखि ७ वर्षको अनुभव भएको हुनुपर्दछ ।

Email: hr@mobhiraservices.com
Contact: 9803236054

Mobhira Recruitment Consultancy Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu
फोन: ०१-४३७८८४२, ४३७८९३६

अफिस डेकोरेशन बिक्रिमा

गौशाला पिङ्गलास्थानमा रहेको सहकारी म्यानपावर, कन्सलटेन्सी आदिलाई उपयुक्त २१/२ तल्ले घर भएको Fully Furnishing सहितको अफिस बिक्रिमा भएकोले तुरुनत सम्पर्क गर्नुहोला

सम्पर्क : ९८२३७७९४३१

फ्रि भिसा फ्रि टिकट शुन्य लागतमा कतारको FIVE STAR HOTEL मा रोजगार

कम्पनी : RESORT AND LEISURE COMPANY W.L.L | शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७९/०३/१९ | चलानी नं.: ६०१८२३७१ | LT. No.: 266159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 6170 | २१२,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cooker | 4 | 0 | | 2070 | ७१,३३२ | | | | | | | |
| 3. | Laborer | 6 | 0 | | 1757 | ६०,५४६ | | | | | | | |
| 4. | Waiter | 4 | 4 | | 2256 | ७७,७४२ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २७ गते (11 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क | रोजगारदाता कम्पनीले ब्यहोर्ने | नि:शुल्क | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

Five Star Hotel अथवा Fine Dining Restuarant मा अनुभव भएका Waiter, Waitress, Female Cashier, CDP, DCDP, Commis Chef, Bell Man, Cost Controller, Stewarding Supervisor, Bartender, Barista, Female Housekeeping, Security Supervisor, Food Rumer र Green Keeper को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
मोबाइल: ९८५११९३४४५, ९८५११८०५५४, ९८५१०१७५३४,९८५१०४०९६०

Drop your CV at poc@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

# 'सुशासन व्यवहारमा कार्यान्वयन गर्न सरकार अग्रसर'

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सुशासनलाई व्यवहारमा लागू गराउन सरकार अग्रसर रहेको बताएका छन् । ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालले आइतबार आयोजना गरेको 'सरकारप्रतिको जनविश्वास : केही विवेचना' विषयक कार्यक्रममा उनले नेपाललाई कम भ्रष्टाचार हुने देशका रुपमा स्थापित गराउन सरकार लागि परेको जानकारी गराए ।

'दण्ड र पुरस्कारलाई साथ साथ नलगे समाज अनुशासित हुँदैन, सरकारलाई पारदर्शी र जवाफदेही बनाउन सबैले आफ्ना स्थानबाट घच्घच्याउनुपर्छ, स्थानीय र प्रदेश सरकारलाई पनि जवाफदेही बनाउन लाग्ने दायित्व नागरिक समाजको हो', उनले भने । स्थानीय तहको निर्वाचन समयमै सम्पन्न गरेको सरकारले प्रदेश र केन्द्रीय निर्वाचन पनि संविधानले तोकेकै समयमा सम्पन्न गर्ने मन्त्री कार्कीको



प्रतिबद्धता थियो । अर्थतन्त्रमा चुनौती आए पनि सङ्कट भने नरहेको सरकारका प्रवक्ता रहेका उनले सुनाए ।

काठमाडौं महानगरपालिकाका पूर्वउपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले छोराछोरी पढाउन र स्वास्थ्य सुविधामा भएको महँगीका कारण भ्रष्टाचार बढेकाले दुवैले सरकारले व्यवस्थित गर्नुपर्ने भनाइ राखिन् । त्यसको सुरुवात आफूले उपप्रमुख भएका बेला महानगरपालिकाबाट शुरु गरेको उनले जानकारी गराइन् ।

पूर्वमुख्यसचिव डा. बिमल कोइरालाले संसारभर निर्वाचित सरकार अधिनायकवादतर्फ अग्रसर भएको उल्लेख गर्दै यसले सरकारप्रतिको विश्वसनियतामा कमी आएको बताए । विधिको असमान प्रयोगले जनतामा निराशा बढेको उनको विचार थियो ।

कार्यक्रममा पूर्वसचिव भरत थापा, पूर्वनायब महालेखापरीक्षक रामबाबु नेपाल, पूर्वकर्मचारी सेवा परिषद्का अध्यक्ष बालकृष्ण प्रसाईं, टिआई नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्ग, उपाध्यक्ष बुद्धिनारायण श्रेष्ठलगायतले सरकारप्रतिको विश्वसनीयता कम हुँदै गएकाले यसप्रति बेलैमा ध्यान जानुपर्नेमा जोड दिएका थिए ।

## चाहना....

भएको थियो । चुनाव पछि एकता गरेर नेपाल कम्यसनिस्ट पार्टी (नेकपा) बनाए । नेकपामा हुँदा प्रचण्ड र ओलीबीच उत्पन्न भएको अन्तर विरोध र सर्वोच्च अदालतको नाम सम्बन्धी विवादमा नेकपा एकता भंग हुने फैसलाले नेकपा विभाजन भएको थियो । नेकपा विभाजन भएसँगै माओवादी केन्द्र कांग्रेस, जसपा लगायतका पार्टीहरुसँग गठबन्धनमा छ ।

एमालेसँगको सहकार्यका सम्बन्धमा प्रचण्डको प्रतिवेदनले घुच्क्याएको कतिपयको टिप्पणी छ । एकातिर दोस्रो/तेस्रो तहका नेताहरुलाई एमाले सहित कम्युनिस्ट पार्टीहरुसँग वाम तालमेलको विषयमा छलफल गर्न खटाउने अर्कातिर एमालेसँग तालमेलको संभावनाबारे विस्तृत ब्यख्या नगरी केपी ओलीको प्रवृतिको विरोध गर्नुलाई घुर्कीको संज्ञा कतिपयले दिएका छन् ।

यता नेकपा एमालेका नेताहरु एक्लै लड्न सक्षम रहेको सार्वजनिक अभिव्यक्ति दिन छाडेका छन् । बरु वाम तालमेलका लागि प्रयास भएको भनी माओवादी केन्द्र लगायतसँग फकाउँदै गरेको सांकेतिक अभिव्यक्ति दिइरहेका छन् । आइतबार मात्रै प्रचार विभाग प्रमुख उपमहासचिव पृथ्वी सुब्बा गुरुङले वाम तालमेलको प्रयास भइरहेको संकेत गरेका हुन् ।

गुरुङको दाबी अनुसार, गठबन्धनमा रहेका दलहरुमा एक अर्कापति अविश्वास छ । यही भन्न उनले माओवादी केन्द्रलाई केही माया गरे जस्तो अभिव्यक्ति दिए, 'कांग्रेसले माओवादीलाई अपमानित गऱ्यो भन्ने छ । पार्टीभित्र फरक मत र गुटहरु देखापरेको छ यो चिज हेरौं न कसरी जाँदो रहेछ ।'

विगतमा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीका नेताहरुसँग संवाद भएको भन्न पनि इन्कार गर्ने एमाले नेताहरु पछिल्लो समय छलफल भइरहेको खुलमखुला बताउन थालेका छन् । एमाले उपमहासचिव गुरुङ भन्छन्, 'माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका नेताहरुसँग छलफल भइरहेको छ । जसपा विभाजनको संघारमा छ, विभाजनपछि कुन दलसँग तालमेलमा जान्छ भन्ने टुंगो लागेको छैन् । समग्र परिस्थिति हेर्छौं । हामी पनि हातखुट्टा बाँधेर बस्ने कुरा हुँदैन ।'

## प्रचण्डको ...

केही नेताले भने गठबन्धनका कारण चुनाव चिन्ह नै बिर्सने अवस्था आएको भन्दै एक्लै चुनावमा जानुपर्ने माग गरेका छन् । गठबन्धन भन्दाभन्दै चुनाव चिह्न नै बिर्सने अवस्था आइसकेको भन्दै नेताहरुले स्थानीय तहमा जितेको सिट एक्लै लड्दा पनि आउने दाबी गरेका छन् ।

उपत्यका विशेष प्रदेश समितिका अध्यक्ष जगत सिंखडाले कांग्रेससँगको गठबन्धनबारे गम्भीर रूपमा सोच्नुपर्ने बताए । 'अहिले गठबन्धन हुँदैन भनेर जानुपर्छ । एकल रूपमा निर्वाचनको तयारी गर्नुपर्छ' उनको माग छ । माओवादी केन्द्रले गठबन्धन गर्दा कांग्रेसलाई मात्रै फाइदा भएको उनको भनाई छ ।

कर्णाली प्रदेशका अध्यक्ष विमला केसीले पार्टीमा अराजकता मौलाएका भन्दै त्यसको अन्त्य गर्नुपर्ने बताएकी छिन् । 'पार्टीमा अन्तर्घात भएको छ । समस्याहरू भएका छन् तर जिम्मेवारी लिने प्रवृत्ति छैन', उनले भनिन्, 'मैले कति जिम्मेवारी लिनुपर्ने हो लिन्छु । म घटुवा हुन पनि तयार छु ।' उनले कर्णालीमा गत स्थानीय निर्वाचनमा गठबन्धनमा पनि गडबड भएको उल्लेख गर्दै आगामी निर्वाचनमा सही ढङ्गले तालमेल र गठबन्धन हुनुपर्ने उनको भनाई छ ।

पार्टीभित्र अयोग्य व्यक्तिलाई नियुक्ति गरिएको, अर्थमन्त्री जनार्दन शर्माको काम प्रभावकारी नभएको र अर्न्तर्घात गर्नेलाई कारबाही नभएको भन्दै केन्द्रीय कमिटी बैठकमै धेरै नेता कार्यकर्ताले आपत्ति जनाएका छन् ।

## संख्या ...

सधैंका लागि ऐन परिवर्तन गर्न निर्णय गरेर रायका लागि कानून मन्त्रालय गएको उल्लेख गर्दै भने, 'लगानीकर्ता विस्थापित हुने गरी नीति बन्नु हुँदैन भन्ने पक्षमा म दृढ छु ।'

मन्त्री कुँवरले नाफाबिनाको व्यापार नहुने तर पेशामा व्यावसायिकता अनिवार्य हुने भन्दै वैदेशिक रोजगारमा जाने कामदारको सुरक्षा र तोके अनुसारको ज्याला उनीहरूले पाउने विषयमा व्यवसायीका तर्फबाट सुनिश्चितता हुनुपर्ने बताए ।

'आधा पेट खाएर बस्छु, जे जस्तो भएपनि वैदेशिक रोजगारमा जान्न र पठाउँदैनौं' भन्ने राष्ट्रिय सोच विकास नभएसम्म वैदेशिक रोजगार मुलुकको बाध्यता बनेको भन्दै मन्त्री कुँवरले भने, 'यात विदेश पठाउन रोक्नुपऱ्यो नभए अनुचित बन्देज लगाउनु भएन, राष्ट्रिय बजेटमा ९ खर्बको योगदान दिने क्षेत्रमा रहेका समस्याको समाधान हुनुपर्छ । म समस्याको समाधान खोज्न जतिदिन पदमा रहन्छु त्यतिबेलासम्म इमानदार प्रयास गर्नेछु ।'

मञ्चका अध्यक्ष भण्डारीले ऐनमा रहेको संख्याका प्रावधानसँगै दश हजारको सेवा शुल्क पनि व्यवहारिक नरहेको र त्यसबाट सरकार, व्यवसायी र कामदार सबै ठगिएको भन्दै समस्याको समाधान एकद्वार प्रणालीको मान्यताबाट खोजिनुपर्ने माग गरे ।

वैदेशिक रोजगार ऐन साउदी अरब, कतार, मलेसियामा मात्रै नेपाली कामदार पठाउने सोच राखेर ल्याइएको भन्दै भण्डारीले मागपत्र प्रमाणीकरणको संयन्त्र नहुँदा युरोपको माग नेपाल आउन नसकेको बताए । उनले भने, 'युरोपेली मुलुकमा जाने कामदारको भिसाका लागि भारत जानुपर्छ, त्यहाँ जाँदा लाखौं खर्च हुने भएकाले अनावश्यक लागतलाई बचाउन भिएसएफ नेपाल ल्याउनुपऱ्यो । जापानका लागि पनि समस्या छ, त्यसको पनि छिटोभन्दा छिटो समाधान आउनुपर्छ ।'

मञ्चका सल्लाहकार तथा पूर्वअध्यक्ष टंक राउतले अव्यवहारिक ऐन कानूनले वैदेशिक रोजगार क्षेत्र नै अव्यवस्थित भएकोले निर्धक्क भएर काम गर्न नसकिएको बताए । पूर्वअध्यक्ष राउतले भने, 'अव्यवहारिक सेवा शुल्कले तीनवटै पक्षलाई घाटा भइरहेको छ, वैदेशिक रोजगारमा कामदार पठाउने सेण्डिङ कन्ट्री हामी मात्रै हौइनौं, गन्तव्य मुलुकमा कामदार पठाउने दक्षिण एशियाली अन्य मुलुकले कस्तो व्यवस्था गरेका छन्, त्यसमा पनि सरकारले अध्ययन गरेर स्वस्थ्य, न्यायोचित र व्यवहारिक कानूनी प्रबन्ध गर्नु पर्ने हो । तर त्यसतर्फ काम हुनसकेको देखिएको छैन ।'

पूर्वअध्यक्ष राउतले पनि संख्या सयको समस्या समाधानमा चाँडो निकास आउनुपर्ने माग गरे । उनले भने, 'व्यवसायी सुरक्षित भए कामदार सुरक्षित हुन्छन् भन्ने विषयमा मन्त्रालय स्पष्ट हुनुपर्छ ।'

उनले युरोपेली मुलुकमा नेपाली कामदार पठाउन रहेका समस्याको मन्त्रालयले एकमुष्ट समाधान खोज्नुपर्नेमा किस्ता किस्तामा समाधान खोज्ने अपरिपक्व व्यवहार देखाएको समेत आरोप लगाए । उनको प्रश्न थियो, 'हामीले सिँगो युरोपमा रहेको समस्याको समाधान मागेका थियौं, तर मन्त्रालयले सर्बियाको मात्रै निर्णय गऱ्यो, यस्तो किस्ताबन्दी किन ?'

शुभकामनाका लागि मञ्चका कार्यसमिति पदाधिकारी तथा सदस्यहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## संख्या...

महिनाको रूपमा देखिएको हो । इजाजतपत्र नवीकरण हुने नहुने अन्योलले विदेश गएर डिमाण्ड खोज्ने भन्दा व्यवसायी इजाजतपत्र कायम हुन्छ कि हुँदैन भनेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, मन्त्री र वैदेशिक रोजगार व्यवसायी संघ नेतृत्वको मुख ताक्ने बाध्यतामा छन् ।

अघिल्ला तीन आर्थिक वर्ष कोरोना भाइरस (कोभिड-१९)का कामदार पठाउन सरकारले नै श्रम स्वीकृति बन्द गरेको कारणले मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउ आदेश जारी गरेर सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुने व्यवस्था गरेको थियो । यस पटक पनि सोही प्रक्रिया अपनाउन नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवर तयार भए, तर मन्त्रालयका कर्मचारी त्यसमा सहयोगी देखिएनन् ।

वैदेशिक रोजगार व्यवसायी तत्काल संख्या सयको समाधानका लागि बाधा अड्काउ फुकाउको फाइल कानून मन्त्रालय गई त्यहाँबाट राय आएर मन्त्रिपरिषद् पुगोस् भन्ने चाहन्थे । तर मन्त्रालयका कर्मचारीको प्राथमिकता संख्या सयको बाधा अड्काउ फुकाउन मन्त्री कुँवरले गरेको निर्णयमा रहेन । उनीहरूले त्यसको सट्टामा वैदेशिक रोजगार ऐन संशोधन गर्ने फाइल रायका लागि कानून मन्त्रालय पठाइदिए । संख्या सयको समाधानका लागि मन्त्रीले गरेको निर्णयको फाइल श्रम मन्त्रालयमै अलमलियो ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका सल्लाहकार चिरञ्जीवी बस्यालले भने, 'संख्या सय समस्याको समाधान सम्बन्धी फाइल रायका लागि शुक्रबार नै कानून मन्त्रालय पठाएको भनिएपछि फाइल अघि बढाउने ताकेताका लागि संघका संयोजक बिमल ढकाल र म आइतबार कानून मन्त्रालय पुग्यौं, तर त्यहाँ त ऐन संशोधनको फाइल मात्रै पठाइएको रहेछ । संयोजक ढकाल पुनः श्रम मन्त्रालय गएर सहसचिव तथा सचिवबाट फाइल कानून मन्त्रालय पठाउने टिप्पणी सदर गराएर कानून मन्त्रालय पठाउनु पऱ्यो ।'

उनले अगाडि भने, 'पाइला पाइलामा ढिलासुस्ती देख्दा यो मुलुकमा मन्त्रीकै निर्णय कार्यान्वयनमा समस्या देखियो । फाइल कानून मन्त्रालय पुगेपछि पनि परिस्थिति सहज छैन, तहतह हुँदै मन्त्रीको टेबलमा पुगेर मन्त्रीले रायमा सहीछाप गरेपछि मात्र फाइल अघि बढ्छ । त्यसका लागि अब १२ दिनको समय बाँकी छ, जसमा दुई दिन सार्वजनिक बिदा रहेका छन् ।'

गत वर्ष संख्या सयको बाधा अड्काउ फुकाउ आदेश असार १४ गते र त्यसभन्दा अघिल्लो वर्ष असार २९ गते आएको थियो ।

# प्रधानमन्त्री देउवासँग प्रेस युनियन पदाधिकारीको भेट



**काठमाडौं/मस–** प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पार्टीको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनका पदाधिकारीले भेट गरी युनियनको आसन्न नवौं महाधिवशेनका बारेमा जानकारी गराएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको भेटमा आगामी साउन ६ र ७ गते बागमती प्रदेशको राजधानी हेटौंडामा हुने युनियनको महाधिवेशन तयारीलगायत विषयमा जानकारी गराएको अध्यक्ष बद्री सिग्देलले जानकारी दिए । महाधिवेशनको उद्घाटन साउन ६ गते हुने र त्यसका लागि प्रधानमन्त्री देउवालाई भेटेर प्रमुख अतिथिका रुपमा निमन्त्रणासमेत गरिएको अध्यक्ष सिग्देलले बताए ।

भेटमा कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत, युनियनका अध्यक्ष सिग्देल, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्षद्वय ईश्वरी ओझा र बाला अधिकारी, कार्यवाहक महासचिव भीष्मराज ओझा, कोषाध्यक्ष सरोज अधिकारी सहभागी थिए ।

# कतारमा नेपाली महिला तथा बालबालिकालाई स्वास्थ्य सामग्री वितरण

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ असार



गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारले महिलाहरुलाई स्वास्थ्य स्यानिटरी, बालबालिकाहरुको पोषण खाना र स्यानिटरी सामग्री प्रदान गरेको छ।

कतारको परोपकारी संस्था कतार च्यारिटीले कतारमा रहेका आप्रवासी समुदायहरुका महिला तथा बालबालिकाहरुको सहयोग कार्यक्रम अन्तरगत उक्त सामग्री प्रदान गरेको हो ।

शुक्रबार नेपाली समुदायको लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय समिति कतारको महिला विभाग र नेपाली महिला समाज कतारद्वारा कतारमा बसोबास गर्ने नेपाली परिवारका महिला तथा वालवालिकाहरुलाई वितरण गरिएको अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले जानकारी दिए।

समितिले कार्यक्रममा एनसीसी कतारका सल्लाहकार मोहम्मद अजिज अली, काजी गुरूङ कार्यसमिति पदाधिकारी एवम् सदस्यहरू, नेपाली महिला समाज कतारकी प्रथम उपाध्यक्ष माया केसीलगायत कार्यसमिति सदस्य र एनसीसी कतारका महिला बिभागका सदस्यज्यूहरु सबैलाई धन्यवाद व्यक्त गरेको छ ।

कार्यक्रममा टुथ पेस्ट र टुथ ब्रस ५/५ सय थान, एक नम्बरको बेबी डाइपर ५ सय९४ थान, दुई नम्बरको बेबी डाइपर ९ सय थान, तीन नम्बरको बेबी डाइपर ४ सय ६८ र चार नंम्बरको बेबी डाइपर ११ सय २० खान वितरण गरिएको थियो ।

त्यसैगरी फेसियल टिस्यू ४ सय ६८ प्याकेट, लवेट वाईप टिस्यु १ सय ५३ प्याकेट, बालवालिकाको पोषण खाना १ सय २० प्याकेट, महिला स्यानिटरी प्याड ८३ प्याकेट र टेम्प स्यानिटरी प्याड २४ प्याकेट वितरण गरिएको पनि अध्यक्ष मुसलमानले मध्यान्हलाई जानकारी दिए ।

# बाढीपहिरोको जोखिममा बस्ती



**लमजुङ/मस–** बाढीपहिरोले जिल्लाका विभिन्न स्थानका वडा कार्यालय, विद्यालयदेखि बस्तीसमेत जोखिममा परेको छ । दोर्दी गाउँपालिका-७ को वडा कार्यालय, महेन्द्र ज्योति प्राथमिक विद्यालयको भवन र फलेनी बस्ती जोखिममा परेको हो । गत जेठ २३ गतेयता निरन्तर वर्षा हुँदा थप पहिरो जान थालेसँगै जोखिम बढेको वडाध्यक्ष रिसमाया गुरुङले बताइन् । 'उपल्लो माझखर्कमा रहेको वडा कार्यालय भवनलाई पहिरोले घेरेको छ। उक्त भवनमाथि सडकबाट पहिरो खस्दा वडाको भित्तासम्म आइपुगेको छ। भवनको पछाडिको भागसम्म ढुङ्गामुढा र माटो थुप्रिएको छ भने वर्षा भइरहेमा भवन नै बगाउने स्थितिमा पुगेको छ, उनले भने, 'वर्षा भएपछि पहिराले जताततै लेदो माटो थुपारेको र लेदो फाल्दै कार्यालय सञ्चालन गर्दै आइएको छ ।'

वडाध्यक्ष गुरुङका अनुसार असार लागेपछि आइतबारसम्म पानी पर्ने क्रम बढ्दै आएको र पहिरा पनि बढ्न थालेकाले सेवा प्रवाहसमेत डराइडराइ दिने गरिएको वडाका कर्मचारीहरुले बताए । पहिराले नजिकैको महेन्द्र ज्योति प्राविको भवनलाई पनि जोखिममा पारेको छ । उक्त विद्यालयको कक्षाकोठासम्म भल पस्ने गरेको वडा कार्यालयले जनाएको छ ।

लप्सीबोट जाने सडकबाट पहिरो झरिरहेको छ भने केही दिनअघि गएको पहिरोले विद्यालयको तारजाली पुरेको छ । वडाध्यक्ष गुरुङले भनिन् 'पहिरा निरन्तर गइरहन्छ, लेदो वडा कार्यालयभित्र छिर्छ सर्फा गर्दै काम गर्छौं ।' वडा कार्यालयको करिब २० मिटर माथि सडकबाट आएको पहिरो रोक्नलाई पहिलो पटक यही असार ५ गते गाउँपालिकाबाट रु दुई लाख बजेट ल्याएर तारजालीसहित पर्खाल उठाइएको थियो तर पटक-पटक आएको पहिराले थप क्षति पुऱ्याउनाका साथै अन्य दुईस्थानका सडक नै बगाएपछि आपत्कालिन परिस्थितिमा दुईघण्टासम्म हिँडेर छोटे खोलासम्म पुग्नुपर्ने बाध्यता भएको उनको भनाइ थियो ।

पहिरो गएयता कुलो सफा गर्ने क्रममा सर्पले टोकेर दुई जना घाइते भइसकेका छन् । त्यस्तै वडा कार्यालयभन्दा करिब २० मिटर परको निर्माणाधीन वडाको स्वास्थ्य चौकी भवन पनि आएको पहिराले आधा पुरेको छ। बस्तीमा पनि १० घर पहिराले जोखिममा पारेको छ। यही असार १ गतेको पहिरो र त्यसपछि बेला-बेलामा खसेको पहिराले कोषलाल गुरुङ, प्रेम गुरुङलगायत अन्य व्यक्तिको घर जोखिममा पुऱ्याएको वडासदस्य लालबहादुर तामाङले बताए। उनले भने, 'जोखिममा रहेका स्थानीयवासी दिउँसोभन्दा रातको समयमा पानी पर्दा डराइडराइ सुत्दै आएका छन् ।'

**सर्टिफिकेट हरायो**

**मिति २०७९/०३/१५ गते चाबहील देखि बसुन्धारासम्म जाँदा मेरो TU को माइग्रेशन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।**

नामः TAMANNA SHRESTHA
TU रजिष्ट्रेशन नंः 6-2-453-87-2009
सिम्बोल नं.ः 4530034
सम्पर्क नंः ९८०१०४७३४०
ठेगानाः ओखलढुंगा

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह मिडिया प्रा.लि.**

बागबजार, काठमाडौं । फोन नं.: **01-4228298, 4226366**
**Email: madhyanhadaily59@gmail.com**

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह**
राष्ट्रिय दैनिक

बागबजार, काठमाडौं । फोन नं.: **01-4228298, 4226366**
**Email: madhyanhadaily59@gmail.com**

# ओमिक्रोन भेरियन्टको बीए फाइभ पुष्टि

**काठमाडौं/मस-** नेपालमा कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको उपप्रजाति बीए फाइभ भेटिएको पुष्टि भएको छ । पछिल्लो समय नेपालमा कोरोना भाइरस (काभिड-१९) का संक्रमितको संख्या बढ्दै जाँदा धुलिखेल अस्पतालमा अनुवांशिक परीक्षण गर्दा ओमिक्रानको भेरियन्टको उपप्रजाति बीए फाइभ पुष्टि भएको अस्पतालले जनाएको छ ।

धुलिखेल अस्पतालमा अनुवांशिक परीक्षण गर्दा ओमिक्रोनको उपप्रजाति बीए फाइभ पुष्टि भएपनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आधिकारीका जानकारी नआएको मन्त्रालयले जनाएको छ ।



**२३ लाख खोप आयो**

बालबालिकालाई लगाइने कोरोना भाइरस विरुद्धको खोपको करिब २३ लाख मात्रा नेपाल आइपुगेको छ । कोभ्याक्स सुविधामार्फत 'फाइजर बायोएनटेक' खोप नेपाल आइपुगेको स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखाप्रमुख सुरेन्द्र चौरसियाले जानकारी दिए ।

उनका अनुसार २२ लाख ९९ हजार २०० मात्रा खोप नेपाल आइपुगेको हो। उक्त खोप ५ देखि १२ वर्षमुनिका बालबालिकाका लागि लगाइने छ। आइतबार प्राप्त भएको खोप यसअघि असार ९ देखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई दोस्रो मात्रा खोप लगाइने छ ।

यसअघि बालबालिकालाई लगाइने खोप २२ लाख तीन हजार २०० मात्रा आएको थियो । सरकारले ५ देखि १२ वर्षमुनिका ३९ लाख बालबालिकालाई दुई चरणमा खोप लगाइरहेको छ । पहिलो चरणमा २७ जिल्लामा यही असार ९ देखि १५ गतेसम्म बालबालिकालाई विद्यालयमा गएर खोप प्रदान गरिएको थियो । सोही समूहलाई साउन २ देखि ८ गतेसम्म दोस्रो मात्राको खोप दिइने छ ।

यस्तै दोस्रो चरणमा ५० जिल्लामा भदौ ५ देखि ११ गतेसम्म पहिलो मात्रा र सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ ।

# ८ जना महिलासहित ४२ जनाद्वारा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १९ असार



जनमत अर्द्ध साप्ताहिकले एसओएस युवालय, नेपालगन्जको सहकार्यमा त्रैमासिक रक्तदान कार्यक्रममा सम्पन्न गरेको छ । कार्यक्रममा ८ जना महिलासहित ४२ जनाले रक्तदान गरेका छन् ।

एसओएस बालग्रामको ५० औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक, विद्यार्थी लगायत नियमित स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरेका थिए।

एसओएस युवालय, नेपालगन्जका नायव निर्देशक तुलाराम विश्वास र जनमत सम्पादक पूर्णलाल चुकेले प्राविधिक तथा सोम प्रकाश सापकोटा, निरुपता बि.सीलाई रक्त संकलन गर्ने पाकेट हस्तारण गरी कार्यक्रम शुरु गरिएको थियो । जनमतको रजत वर्ष-२०६३ देखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम' को ५३ औं श्रृङ्खलामा रक्तदान गर्नेहरुमा अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख शंकर प्रसाद खनाल, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य तथा दैनिक नेपालगन्जका सम्पादक झलक गैरे, नेपाल घरेलु उद्योग महासंघ नेपालगन्ज उपमहानगर समितिका अध्यक्ष तथा समाजसेवी दिला शाह, स्मारिका श्रेष्ठ, स्वेता विष्ट, नियमित रक्तदाता नीरजमान श्रेष्ठ, लक्ष्मण कुमार वैश्य, पवन कुमार वैश्य, भगवान शरण यादव, रेडियो कृष्णसारका प्रमोद डि.जी., विनोद कुमार वैश्य, गौतम प्रसाद पौडेल, पत्रकार जागेश्वर थारु, पत्रकार बम्भु प्रसाद थारु, भगवान शरण यादवले रक्तदान गरेका थिए।

कार्यक्रम संयोजक पत्रकार पवन जायसवालका अनुसार एसओएस युवालय, नेपालगन्जका सिनियर काउन्सिलर लक्ष्मण कार्की, सहायक निर्देशक मीना भुसाल तुलाधर, एसओएस युवालय, नेपालगन्जका विद्यार्थीहरु सम्झना खड्का, सपना सिजापति, स्वेच्छा गिरी, सुष्मिता वि.सी. लगायतले रक्तदान पनि रक्तदान गरेका थिए।

त्यसैगरि असरफ शेष, मोहम्मद असलम शेष, मान बहादुर खत्री, मन बहादुर केसी, युवराज ढकाल, नारायण प्रसाद केसी, रुसतम अली दर्जी, लक्ष्मण बहादुर कार्की, दिनेश तमोली, राजेन्द्र कुमार सोनी, पृथ्वी सिंह, रोमन शाही, जगत जंग शाही, प्रमोद चौधरी, अभिनव कुमार सिंह, बिर बहादुर हमाल, इच्छाराम यादव, दुर्गा चौधरी, सञ्जय बढही, लगायतले रक्तदान गरेका थिए ।

सो अवसरमा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य झलक गैरे, प्रेस संगठन बाँकेका अध्यक्ष तथा गुड न्यूज साप्ताहिकका सम्पादक डक्ट धिताल, नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाका सभापति बदरुद्दीन अन्सारी र जनमत सम्पादक पूर्णलाल चुकेले रक्तदाताहरुलाई प्रशंसा पत्र तथा टिसर्ट प्रदान गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित मध्यपश्चिम प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सोम प्रसाद सापकोटा, शिवराज शाही, निरुपता बिसीले प्राविधिक टोली र आकाश जायसवालले रक्तदान कार्यक्रमा सहयोग गरेका थिए ।

वि.सं.२०६३ साल वैशाखदेखि निरन्तर रुपमा आयोजना गरिंदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा ५३ औं श्रृङ्खलासम्म करीब २ हजार ८ सय भन्दा बढी संख्यामा स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेका छन् ।

स्वास्थ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुन जान्छ र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ। आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ । त्यसैगरि रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हुन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साता भित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ ।

# शिक्षाका ६ विधेयक ल्याउने तयारी

**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय शिक्षा ऐनसहित विभिन्न छ वटा शिक्षासम्बन्धी विधेयकको मस्यौदा तयार गरेको छ । लामो समयदेखि प्रतिक्षारत संघीय शिक्षा ऐनको मस्यौदा संशोधन भई राय परामर्शका लागि अर्थ मन्त्रालयमा पुगेको छ । उक्त मस्यौदा ऐनका साथै उच्च शिक्षासम्बन्धी छाता विधेयक, प्राविधिक शिक्षा विधेयक, एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी विधेयकको मस्यौदा पनि तयार गरिएको छ ।

संघीय शिक्षा ऐनमा निःशुल्क र अनिवार्य शिक्षा ऐन तथा शिक्षा सेवा आयोग ऐन र राष्ट्रिय परीक्षा बोर्ड ऐनका केही विषय समायोजनका लागि तयारी गरिएको छ । संघीय शिक्षा ऐनमा शिक्षक सेवा आयोगको मापदण्ड, सिद्धान्त र राष्ट्रिय शिक्षाको दर्शन, शिक्षा व्यवस्थापनबारे तीन तहका सरकारको स्पष्ट भूमिका, शिक्षकको तहगत प्रणालीका बारेमा पनि सम्बोधन हुने जनाइएको छ ।

मन्त्रालयका प्रवक्ता दीपक शर्माले ती विधेयक रायपरामर्शका क्रममा रहेको र सकेसम्म चाँडै संघीय संसद्मा प्रस्तुत हुने अपेक्षा रहेको बताए । प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले सय शिक्षा विधेयक छिटो सदनमा ल्याउन यसअघि निर्देशन दिइसकेको थियो ।

# पुतलीसडकमा फोहोर

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले राजधानीको पुतलीसडक क्षेत्रको फोहर व्यवस्थापन गर्न सम्झौता गरेको कम्पनीले नै पैदलमार्ग (फूटपाथ) मा थुपार्ने गरेको छ । काठमाडौं महानगरपालिकाबाट पुतलीसडक क्षेत्रको फोहर उठाउने सम्झौता गरेको 'स्वच्छ वातावरण स्वस्थ मानवजीवन' नामक कम्पनीले नै पैदलमार्गमा फोहर थुपारेको हो । गाडाबाट पैदलमार्ग फोहर थुपारिरहेको अवस्थामा भेटिएका कम्पनीका कामदार उद्धव मैनाली भने गाडी आउन समय लाग्ने भएकाले पैदलमार्गमै फोहर थुपार्न बाध्य भएको बताए ।



फोहरका कारण राजधानीमा हैजा फैलिए पनि व्यवस्थापनमा सरोकार भएका निकायको ध्यान जान सकेको छैन । राजधानीको मुख्य सडकको पैदलमार्गमा गाडामा ल्याएर फोहर थुपार्दा पनि स्थानीयवासी कोही पनि चुइँक्क बोल्दैनन् । 'बोले पनि केही नहुने भएकाले चुप लाग्न बाध्य छौं', उक्त क्षेत्रमा पसल सञ्चालन गर्दै आएका रामचन्द्र श्रेष्ठ बताए ।

राजधानीको अन्य भागमा फोहर उठिरहेको अवस्थामा पुतलीसडकको पैदलमार्गमा भने फोहर व्यवस्थापनको जिम्मेवारी पाएको कम्पनीले नै फोहर थुपार्ने गरेको उनले बताए । महानगरपालिकाले फोहर व्यवस्थापनको जिम्मेवारी सुम्पेको कम्पनीको कामको अनुगमन नगर्दा यस्तो समस्या आएको स्थानीयवासीको गुनासो छ ।

महानगरपालिकाले कुहिने र नकुहिने फोहर वर्गीकरण गरेर व्यवस्थापन गर्न सार्वजनिक सूचना जारी गरे पनि पुतलीसडक क्षेत्रमा भने दुवैथरी फोहर एकै ठाउँमा राखेर फालेको देखिन्छ। महानगरपालिकाले सूचना जारी गरेपनि अनुगमन गरेर फोहर वर्गीकरण नगर्नेलाई कानुनी कारबाहीको प्रक्रियामा नल्याएका कारण यस्तो समस्या देखिएको हो

# पर्यटकलाई लुटपाट गर्न खोज्ने सातजना प्रहरीको नियन्त्रणमा

सिमकोट/मस- हुम्लाको उत्तरी नाम्खा गाउँपालिकामा विदेशी पर्यटकलाई लुटपाट गर्न खोज्ने सात जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । ग्रेट हिमालयन ट्रेलको यात्राका क्रममा रहनुभएका जर्मनीका नागरिक ३८ वर्षीय मेटियर्स इक्मालाई उनीहरुले लुटपाट गर्न खोजेका थिए ।

नाम्खा गाउँपालिका-५ नारा लेकबाट हिल्सातर्फ जाँदै गरेका इक्मालाई सडकमा काम गर्ने कामदारले लुटपाट गर्न खोजेका हुन् । प्रहरी निरीक्षक दीपक मल्लका अनुसार हिल्सा-सिमकोट सडक निर्माणमा संलग्न कामदारले शनिबार लुटपाट गरेको इक्माले दिएको उजुरीका आधारमा सातै जनालाई नियन्त्रणमा लिएको जानकारी दिए ।

प्रहरीले हिमाल सुनार, कमल थापा, छविलाल बस्नेत, माधव थापा, गणेश सुनार, खेम सुनार र विजय विष्टलाई नियन्त्रणमा लिएको हो । उनीहरुको ठेगाना दाङको घोराही र तुलसीपुर रहेको विष्टले बताए । सातै जनालाई नाम्खाबाट सदरमुकाम सिमकोट ल्याइँदै छ । इक्मा पूर्वको कञ्चनजङ्घा हिमालबाट हुम्लाको हिल्सासम्मको पैदल यात्रामा रहेका थिए । उजुरी दिएपछि उनलाई पनि जिल्ला प्रहरी कार्यालयमा ल्याइँदै गरेको प्रहरीले जनाएको छ ।

# लोककल्याणकारी विज्ञापन वितरण गर्दैं मधेस प्रदेश सरकार

जनकपुरधाम/मस- मधेस प्रदेश सरकारले सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने भएको छ। मधेस प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले 'मधेस प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि-२०७९ 'र 'मधेस प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि-२०७९' स्वीकृत गरेसँगै विज्ञापन वितरणको बाटो खुला भएको हो ।

गृह तथा सञ्चार मन्त्रालयअन्तर्गतको आमसञ्चार प्राधिकरण मधेस प्रदेशले प्रदेशका आठवटै जिल्लाबाट पत्रपत्रिका, टेलिभिजन, रेडियो/एफएम र अनलाइन सञ्चारमाध्यमलाई मधेस प्रदेश सरकारको लोकहितका विज्ञापन एवं सूचना लोककल्याणकारी विज्ञापनको रूपमा विरतण गर्न लागेको छ ।

यसका लागि सञ्चारमाध्यमलाई सूचीकृत गराउन आवेदन आह्वान गरेको र आवेदन आएलगत्तै तीन-चार दिनभित्रै सञ्चारमाध्यमलाई लोकल्याणकारी विज्ञापन उपलब्ध गराइने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए ।

केही महिनाअघिदेखि नै लोककल्याणकारी विज्ञापन वितरणको तयारी गरिए पनि मन्त्रिपरिषद्बाट कार्यविधि स्वीकृत हुन ढिलाइ भएको र कर्मचारी आभावलगायतका कारणले केही समय ढिलाइ भएको उनले बताए ।

लोकल्याणकारी विज्ञापनको सबै तयारी भइसकेको र केही दिनभित्रै सबै सञ्चारमाध्यमलाई त्यो उपलब्ध गराइने उनको भनाइ छ । त्यस्ता विज्ञापन एवं सूचना सञ्चारमाध्यमले प्रकाशन-प्रसारण गरेवापत आमसञ्चार प्राधिकरणबाट कार्यविधिमा तोकिएबमोजिम भुक्तानी उपलब्ध गराइने अध्यक्ष यादवले जानकारी दिए ।


## मलेसियामा रोजगार | १. कम्पनी: PLASPOWER INDUSTRIES (M) SB.
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०३/१९ चलानी नं.: ६०१८२४२५ L.T. No.: 266300

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: BARBEQUE TOWN SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०३/१९ चलानी नं.: ६०१८२१६० L.T. No.: 266190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असार २७ गते (11 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९२५/०६७/०६८

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.**
बसुन्धारा-९, धापासी, फोनः ४३८०७७८, ४३८०८७९, फ्याक्सः ४३६६३५८
Email: gnps925@gmail.com | URL: www.gnpsnepal.com



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस ट्रेस इन्टरनेशनलले चाइनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिलः

| सि. न. | माल वस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पादित मुलुक/राष्ट्र | इकाई | अधिकतम बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक कार्गो रिक्सा | इलेक्ट्रिक | ट्रेस | DB | १००० kg 1 Driver | चीन | पिस | १,७५,०००/- | |
| २ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | MD 3 | ५५० kg 4-Passanger 1-Driver | चीन | पिस | २,४३,५००/- | |

अधिकृत बिक्रेताः ट्रेस इन्टरनेशनल विरगञ्ज-१३, श्रीपुर, पर्सा, सम्पर्कः ९८१९२१०६४२
एक्जीम कोड नं. ६०३८३०४३१०१२० NP फोन नं. ९८५५०२५०५१



## पालुङटार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
पालुङटार गोरखा
गण्डकी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९/०३/२०

यस कार्यालयको चालु आ.व २०७८/०७९ को तपसिल बमोजिमका कार्यको लागि मिति २०७९/०२/१५ बोलपत्र आव्हान गरिएकोमा तपसिल अनुसारका फर्मको दरभाउपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स | ठेक्का नं. | योजनाको नाम | आसयपत्र दिएको फर्मको नाम र ठेगाना | कबोल अंक (मु .अ. क. बाहेक ) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | PMUN/GORK-HA/2078/079/-12 | Construction of ward level health care centre at palungtar -10 ,Gorkha . | Bhijan construction and Suppliars ,Kalika-06, Chitwan | 2612464.90 | |
| 2 | PMUN/GORK-HA/2078/079/-22 | Maintenance of road at Kholli gaun Baniya gaun ratdanda Prasthitan road project palungtar-02, Gorkha | Sanad Nirman Sewa ,gorkha | 6651523.80 | |
| 3 | PMUN/GORK-HA/2078/079/-23 | Maintenance of road at bijuli danda Ligligkot road project | Aariz MH Construction Pvt. Ltd Kathmandu-Metro city 16 , Kathmandu . | 3001992.60 | |

प्रमुख प्रशासकीय अधिकृत



## बाग्मती प्रदेश ललितपुर जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माण प्रस्तावको प्रारम्भिक वातावरणीय प्रीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/०३/२०)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रदेश सरकार<br>सामजिक विकास मन्त्रालय,<br>सार्वजनिक निर्माण कार्यान्वयन एकाइ<br>गजुरी, धादिङ, बाग्मती प्रदेश<br>ईमेलः pciugajuri@gmail.com फोन नः 9851225189 |
| प्रस्तावको व्यहोरा | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणः गोदावरी नगरपालिका वडा नं १३<br>शैया संख्याः २५ |
| प्रभाव पर्ने सक्ने जिल्ला र न.पा/गा.पा | गोदावरी नगरपालिका ललितपुर |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा/गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सामजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन एकाइ<br>गजुरी, धादिङ, बाग्मती प्रदेश<br>ईमेलः pciugajuri@gmail.com फोन नः 9851225189 |
| परामर्शदाताको नाम र ठेगाना | अनामिका इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., कोहलपुर, बाँके, लुम्बिनी प्रदेश<br>ईमेल : gnc.solution@gmail.com फोन नं.: 9860592210 |

## सम्पादकीय

# निष्कर्ष प्रमाणित गर्ने प्रयास

स्थानीय चुनाव सकिएको झण्डै दुई महिनापछि नेकपा एमालेले अन्तर्घातबारे छानबीन गर्न कार्यदल गठन गरेको छ । आइतबार केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले उपाध्यक्ष विष्णुप्रसाद पौडेल नेतृत्वमा छानबीन समिति गठन गरेको छ । छानबीन समितिमा स्थानीय तह विभाग प्रमुख देवेन्द्र दाहाल र संगठन विभाग प्रमुख खगराज अधिकारी सदस्य छन् । यो कार्यदलले स्थानीय चुनावमा भएको अन्तर्घातको अध्ययन गरी प्रतिवेदन तयार पार्नेछ । राजनीतिक पार्टीको जीवनमा यस्ता छानबीन समिति बन्नु अनौठो भएन । एमाले स्थानीय चुनावमा नराम्रोसँग पराजित भएकाले त्यसको लेखाजोखा गर्नु आवश्यक पनि छ । तर स्थानीय चुनाव सकिएको झण्डै दुई महिनापछि मात्रै छानबीन समिति गर्नले भने यसभित्र अरू कारण लुकेको समेत अनुमान लगान सकिन्छ ।

किनकि एमालेले स्थानीय चुनाव सकिएको एक महिनासम्म त पार्टी बैठक नै राखेको थिएन । जबकी २०७४ को स्थानीय चुनावमा पहिलो शक्ति बनेको एमाले गएको ३० वैशाखमा सम्पन्न स्थानीय चुनावमा नराम्रोसँग पराजित हुँदै दोस्रो शक्तिमा खुम्चिएको छ । अघिल्लो चुनाव भन्दा ८९ सिट गुमाउँदै एमाले २०५ स्थानमा खुम्चिएको छ । तर त्यो चुनावमा २६६ स्थानीय तह जिताको नेपाली कांग्रेसले ३२९ तह जितेको छ । पहिलोबाट दोस्रोमा झरेको एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने चुनावमा पराजयको कारण भने अन्तर्घात र सत्ताको चरम दुरूपयोग भएको निष्कर्ष निकालेका छन् । त्यसै आधारमा एमाले नेताहरूले सार्वजनिक मन्तव्य दिदै आएका छन् ।

जबकी एमालेको यसपटकको पराजय स्वभाविक देखिन्छ । किनकि एमालेविरूद्ध कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धन थियो । उक्त गठबन्धनले शहरी क्षेत्रमा साझा उम्मेद्वारी दिएकाले एमाले पराजित हुनु अंकगणीय दृष्टिले स्वभाविक हुन्छ । राजनीतिक कारणले पनि यसपटक एमाले रक्षात्मक छ । प्रतिनिधिसभा विघटनको निर्णयकै कारण पाँच वर्षे स्थीर सरकारको नेतृत्व गर्ने जनादेश बिपरीत एमाले नेतृत्व ४० महिनामै प्रतिपक्षी बेञ्चमा धकेलिएको छ । सरकारमा हुँदा गरेका कतिपय अप्रिय निर्णयका कारण एमालेमा अघिल्लो चुनावमा जस्तो आकर्षण देखिदैन । तर संघ र प्रदेश चुनावको तयारीमा जुटिरहँदा एमालेको निष्कर्ष भने फेरि पनि चुनावी पराजयको सहायक कारणलाई प्रमुख बनाउनेतिर जोड देखिन्छ । किनकि अन्तर्घात एमालेमा मात्रै हुने र अन्य दलमा नहुने भन्ने हुन्न । तसर्थ एमालेले वर्तमान अवस्थाको वस्तुगत तथ्य बुझेर अगाडि बढ्नु आवश्यक देखिन्छ । एमालेको पार्टी जीवन सुदृढ बनाउन पनि त्यो जरूरी छ ।

# क्रान्तिकारी धाराको रक्षा र विकास

*वामपन्थी तथा दक्षिणपन्थी धाराहरुको पहिचान र ऐतिहासिक समीक्षा बिना, किटानी बिना हामीले सही अर्थमा मार्क्सवाद र मार्क्सवादी धारालाई अगाडि बढाउन सक्दैनौं । आ-आफ्नो संगठन र आन्दोलनमा यी दुवै धाराको पहिचान र व्यवस्थित संघर्ष बिना यो सम्भव छैन ।*

अग्रलेख



● लेखराज रेग्मी

पुष्पलाल श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टीको गठनपश्चात नेपालका सबै वामपन्थीहरुलाई विचार जोगाउँदै बाम-कांग्रेसको रूपमा वि.सं. २००७ को जहानिँया राणाविरोधी सत्ताविरुद्ध लाग्न निर्देशन दिनुभयो । यसले राणाविरोधी आन्दोलनको सफलता र कम्युनिष्ट विचारको प्रसारमा सहयोग गऱ्यो । यसैकारण दिल्ली सम्झौताको विरोध गर्न कम्युनिष्ट सक्षम रहे । मनमोहनहरुको प्रवेशसँगै पुष्पलाल पार्टीको मुख्य जिम्मेवारीमा रहनु भएन । प्राय: पुष्पलाल पन्थीहरु यो तथ्यलाई लुकाउने गर्दछन् तर, यो यस्तो तथ्य हो नेपाली कम्युनिष्ट आन्दोलनमा यसै दिनदेखि दक्षिणपन्थी अवसरवादसँगको संघर्ष सुरु भयो । पहिलो महाधिवेशनमा वैधानिकरूपमा पार्टी दक्षिण पन्थी नेतृत्वको कब्जामा गयो । यो श्रृखंला वि.सं. २०२५ को पुष्पलालको विद्रोह र पुष्पलालद्वारा आयोजित सम्मेलनसम्म कायम रह्यो । यसबिचमा क्रान्तिकारी धाराको रक्षा र विकास पार्टी नेतृत्वले गर्न सकेको थिएन । अलग क्रान्तिकारी कम्युनिष्ट पार्टी पनि पनि बनेन । तर, क्रान्तिकारी धाराको रक्षा र विकास भने क्रमिकरूपमा भइरहेको थियो ।



वि.सं. २०१७ सालको राजा महेन्द्रले चालेको प्रतिविद्रोहलाई समर्थन गर्ने तत्कालिन पार्टी महामन्त्री केशरजंग रायमाझीको घोषणालाई खारेज गर्दै नेपाली कम्युनिष्ट आन्दोलनको ठुलो हिस्सा राजाको कदमको विरुद्ध जनतामा गयो । दरभंगा प्लेनमले पुष्पलालको कांग्रेसको नारालाई समर्थन गरेर आएको विघटित संसद्को पुनर्स्थापनाको नारालाई प्लेनममा प्रवेश गराएपछि पार्टीभित्रको बाम जनमत त्यसका विरुद्ध प्लेनममा देखापऱ्यो । रायमाझीको संसदीय व्यवस्थाको पुनर्स्थापनाको नारा आफ्नो शाखलाई जोगाउन ल्याएको भएपनि घटनाले यसलाई राजाको कदमको समर्थनको रुपमा लियो । सारमा नेपाली प्रजातान्त्रिक आन्दोलनका हिसाबले रायमाझीहरुको नारा रणनैतिक थियो र यसको कार्यनीति नै थिएन अर्थात् यो कार्यान्वयनमा जाने सम्भावना नै थिएन । पुष्पलालको नारा तात्कालिक कार्यनीतिक नारा थियो र रायमाझीको तुलनामा ठिक नै लाग्दथ्यो । तर, स्वयम् कांग्रेसको स्थिति र वस्तुगत स्थितिको आधारमा तत्काल लागु गर्ने सम्भावना न्यून र कमजोर थियो । सहभागी कार्यकर्ताहरुको सहयोगमा मोहनविक्रमले पेश गरेको संविधान सभाको नाराले बहुमत प्राप्त गरेपनि कार्यान्वयनमा आएन वा आउन दिइएन । तर, यसले क्रान्तिकारी कार्यकर्ता र जनमतलाई संरक्षण र संगठित गऱ्यो । यही नै आधारमा चौथो महाधिवेशन सम्भव भएको हो ।

नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनमा योजनाबद्धरुपमा केन्द्रीय समितिले पुष्पलाललाई महामन्त्रीमा आउन दिइएन । वास्तविकता त के हो भने पुष्पलालको भूमिका बिना तेस्रो महाधिवेशन सम्भव थिएन । पहिलोदेखि तेस्रो महाधिवेशनसम्म पुष्पलाललाई नेतृत्वमा आउनबाट रोकियो तर पनि केन्द्रिय समितिमा रहे/नरहेका कार्यकर्ताहरुको 'इन्टर जोनल रिलेशन' नै यस्तो संयन्त्र थियो जसका आधारमा पुष्पलाल र चौथो महाधिवेशनले आ-आफ्नो वैधता दाबी गरे । तर पनि नेपालमा एकभन्दा बढी कम्युनिष्ट पार्टी बन्ने कुराको सुरुवात बिजारोपण तेस्रो महाधिवेशनको विघटनको स्थितिका कारणले पैदा भयो । फरक ढंगले बिजारोपण भए पनि मालेको स्थापना पनि तेस्रो महाधिवेशनको विघटनकै गर्भमा रह्यो ।

*नेपाली कम्युनिष्ट आन्दोलनमा हर संकटमा कार्यकर्ता पंक्तिबाट मात्रै क्रान्तिकारी धाराको रक्षा र विकास सम्भव भएको छ र हामी फेरि एक पटक तेस्रो महाधिवेशन पछिको स्थितिमा पुगिरहेका छौं । हरेक कम्युनिष्ट कार्यकर्ताले यो दायित्व पुरा गर्न साहस गर्नुपर्ने भएको छ ।*

